# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, भदौ १४ गते २०३८ साल (अतिरिक्ताङ्क २४ (क).

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट फ्रान्सको राजधानी पेरिसमा आयोजना हुन लागेको अल्प विकसित राष्ट्रहरूको समस्यासम्बन्धी राष्ट्र संघीय सम्मेलनलाई सम्बोधन गर्न सवारी होइबक्सनुअघि देशवासीका नाममा २०३८ साल भाद्र १४ गते बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

आज हामी हाम्रा बडामहारानीका साथ केही दिनका लागि फ्रान्सको राजधानी पेरिसतर्फ प्रस्थान गर्दछौं। एशिया तथा प्रशान्तक्षेत्रको आर्थिक तथा सामाजिक आयोग र पश्चिम एशियासम्बन्धी आर्थिक आयोगका सदस्यराष्ट्रहरूले सर्वसम्मतिद्वारा प्रस्ताव पारित गरी अल्प विकसित राष्ट्रहरूको समस्याबारे पेरिसमा हुन लागेको राष्ट्र संघीय सम्मेलनलाई सम्बोधन गर्न आमन्त्रित गरे अनुसार हाम्रो यस भ्रमणको कार्यक्रम मिलाइएको हो ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अल्प विकसित राष्ट्रहरूका समस्या र तिनको समाधानबारे विचार विमर्श गरी विकास कार्यक्रमको तर्जुमा गर्न पहिलोपल्ट पेरिसमा एक उच्चस्तरीय सम्मेलनको आयोजना हुन लागेको छ । पञ्चायत व्यवस्थाले पनि शोषण रहित समाजकै परिकल्पना गरेको छ भन्ने कुरा हामी बिर्सन सक्तैनौं । साथै विश्वमा समानताको आधारमा न्यायपूर्ण आर्थिक व्यवस्था कायम गर्दै विकासोन्मुख देशहरूका समस्या समाधान गर्ने पक्षमा नेपालले बेला बखतमा अन्तर्राष्ट्रिय रंगमंचहरूमा आफ्नो मन्तव्य प्रकट गर्दै आएको पनि हो । त्यसैले पेरिसमा हुन लागेको यस सम्मेलनबाट नेपाल लगायत कयौं अरु अल्प विकसित देशहरू समेत लाभान्वित हुनेछन् भन्ने हामीलाई भरोसा छ ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ । आशा छ सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।